८३८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. ३५२/२०७१/०७२**

**निर्णय नं.४६**

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १४ बिसम्भरपुर बस्ने मुकेश कुमार कुशवाहा समेत .......१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय कलैया, बारा ..................................१ विपक्षी

सूचना अधिकारी, श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय कलैया, बारा ................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १४ बिसम्भरपुर बस्ने मुकेश कुमार कुशवाहा समेतले श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय कलैया, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति १०७१।१२।१७ र २०७२।०४।२७ मा पुनरावेदन गरेकोमा यस आयोगबाट मिति २०७१।१२।२७ को पत्रद्धारा सोधनी भएको । सो को जवाफ प्राप्त नभएको र पुन: पुनरावेदकले मिति २०७२।०४।२७ मा सूचना नदिने उपर कारवाही समेत माग गरी उजूरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय कलैया, बाराका प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. यस विद्यालयको आन्तरिक आर्थिक स्रोतहरु के के हुन् ? उक्त स्रोतबापत बार्षिक के कति आम्दानी हुन्छ सो विवरणको प्रमाणित प्रतिलिपि ।

२. यस विद्यालयमा आ.व २०७०।२०७१ मा छात्रवृतिका लागि कति रकम प्राप्त भएको थियो, उक्त रकमबाट कति जना विद्यार्थीलाई छात्रवृति प्रदान गरियो, छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना, कक्षा, अभिभावकको नाम र छात्रवृति रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

३. यस कार्यालयका सूचना अधिकारीको नाम, पद फाँट र सम्पर्क नं. समेतको विवरणको प्रमाणित प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।